# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, पुस ४ गते २०३२ साल [अतिरिक्ताङ्क ४३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ:–

२०३२ सालको अध्यादेश नं. १२

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

### मुलुकी ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना : अन्तर्राष्ट्रिय नारी वर्षको उपलक्ष्यमा नारीहरूलाई बढी सुविधा प्रदान गर्न मुलुकी ऐनलाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४५

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ९७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "मुलुकी (छैठौं संशोधन) अध्यादेश, २०३२" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. मुलुकी ऐन अदालती बन्दोबस्तको महलमा संशोधन : मुलुकी ऐन (यसपछि "मूल ऐन" भनिएको) अदालती बन्दोबस्तको महलको,–

(१) ११ नम्बरको सट्टा देहायको ११ नम्बर राखिएको छ :–

"११ नं. ॥ ॥ मुद्दा हेर्दा देहायको प्राथमिकताले कारवाई गर्दै जा

जुन मुद्दा पहिले छिन्न अङ्क पुग्छ सोही मुद्दा पहिले किनारा गर्नु पर्छ —

थुनुवा कैदीको थुना वा कैद परेको मुद्दा — — — — — १

बेचारिसी सोह्र वर्षमुनिको नाबालकको मुद्दा — — — २

तारीखमा रहेको पचहत्तर वर्षमाथिको बूढाबूढीको र शारीरिक अशक्तता भएको व्यक्तिको मुद्दा — — — — — — — ३

स्वास्नीमानिस वादी वा पुनरावेदक भएको न्वारान गराई पाऊँ वा नाता कायम गराई पाऊँ भन्ने मुद्दा — — — — — — ४

माथि लेखिएको र त्यसपछि अरू मुद्दाका हकमा पुरानोको क्रमले — ५"

(२) ११८ नम्बरको १४ दफाको देहायमा रहेको "चौध वर्ष नपुगेकी कन्या चोरी गरेको" भन्ने शब्दहरूको सट्टा "जीउ मास्ने बेच्नेको महल अन्तर्गत अपराध गरेको" भन्ने शब्दहरू राखिएको छ।

(३) १३५ नम्बर खारेज गरिएको छ।

३. मूल ऐन गरीब कङ्गालको महलमा संशोधन : मूल ऐन गरीब कङ्गालको महलको,–

(१) ३ नम्बरको सट्टा देहायको ३ नम्बर राखिएको छ:–

"३ नं. ॥ ॥ बाबु मरेको वा बेपत्ता भएको वा विदेश गएको अवस्था आमा पोइल जाने नाबालकको हकमा देहाय बमोजिम हुन्छ — —

जायजेथा वा उमेर पुगेको एकाघरको हकवाला नभएको नाबालक भए आमाले आफूसाथ लगी पाल्नु पर्छ — — — — १

जायजेथा र उमेर पुगेको एकाघरको हकवाला भए पनि आठ वर्ष–भन्दा मुनिको नाबालक भए आठ वर्षको उमेर नपुगेसम्म आमाले आफूसाथ लगी र नाबालकको एकाघरको हकवाला नभए नाबालकके घरमा बसी पाल्न पाउँछ — — — — — २

आठ वर्ष नाघेको तर सोह्र वर्षमुनिको नाबालकको उमेर पुगेको एकाघरको हकवाला भए पनि हकवालाले नपालेमा वा पाल्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मञ्जूर नगरेमा आमाले पाल्न पाउँछ — — — — ३

आमाले पाल्दा नाबालकको एकाघरको हकवाला नै नभएको वा भए पनि उमेर पुगेको नभएको वा उमेर पुगेको भए पनि पाल्न नचाहेकोमा सो नाबालकको जायजेथा समेत आमाले जिम्मा लिन पाउँछ — — — — — — — — ४"

(२) नम्बर नम्बरमा रहेको "इलाकाको अञ्चलाधीश", "अञ्चलाधीश" र "स्थानीय अञ्चलाधीश" भन्ने शब्दहरूको सट्टा "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

४. मूल ऐन लोग्ने स्वास्नीको महलमा संशोधन : मूल ऐन लोग्ने स्वास्नीको महलको,–

(१) १ नम्बरमा रहेको "४ र ५" भन्ने अंक र अक्षरको सट्टा "२ नम्बरको १० दफामा र ४, ५, ७ र ८" भन्ने अंक र अक्षर राखिएको छ ।

(२) १ नम्बरपछि देहायको १ क नम्बर थपिएको छः–

"१ क नं. ॥ ॥ यसै महलको १ नम्बरको १ दफा बमोजिम सम्बन्ध विच्छेद गर्न चाहने पक्षले वा ३ दफा बमोजिम दुबैको मञ्जूरीले सम्बन्ध विच्छेद गर्न चाहेमा लोग्ने स्वास्नी दुबैले सम्बन्धित गाउँ वा नगर पञ्चायतमा निवेदन गर्नु पर्नेछ र पञ्चायतले पनि दुबै थरीलाई भरसक सम्झाई बुझाई मेलमिलाप गराई दिनु पर्छ । त्यसरी सम्झाउँदा बुझाउँदा पनि मेलमिलाप हुन नसकेमा र विवाह कायम राख्नुभन्दा सम्बन्ध विच्छेद गराउनु श्रेय भएमा निवेदन परेको एक वर्षभित्र आफ्नो राय समेत संलग्न गरी प्राप्त निवेदन सम्बन्ध विच्छेद गर्न अधिकार भएको सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्छ ।"

(३) २ नम्बरको सट्टा देहायको २ नम्बर राखिएको छः–

"२ नं. ॥ ॥ स्वास्नीले अर्कोसित करणी गराएकी ठहरेमा वा पोइल गएमा लोग्ने स्वास्नीको सम्बन्ध स्वतः विच्छेद हुन्छ । अर्कोसित करणी नगराए पनि करणी गराएकी छु भनी अड्डामा सावित भएमा त्यस्तो स्वास्नीसित लोग्नेले सम्बन्ध विच्छेद गर्न पाउँछ ।"

(४) ३ नम्बरको सट्टा देहायको ३ नम्बर राखिएको छः–

"३ नं. ॥ ॥ ऐन बमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद भएको मितिले दुईसय बहत्तर दिनभित्र जन्मेको सन्तान अन्यथा प्रमाणित नभएमा सो सम्बन्ध विच्छेद भएको लोग्नेकै सन्तान ठहर्छ । त्यस्ता सन्तान र पांच वर्ष नपुगेका वा पांच वर्षदेखि माथिका नाबालक पाल्ने विषयमा देहाय बमोजिम हुनेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२७

पाँच वर्षमुनिका नाबालकलाई पाँच वर्षको उमेर नपुगेसम्म आमाले आफै पाल्न चाहेमा निजैले र निजले पाल्न नचाहेमा बाबुले पाल्नु पर्छ— — — — — — — — १

पाँच वर्षदेखि माथिका नाबालकलाई पोइल नगएको अवस्थामा, आमाले आफै पाल्न चाहेमा निजैले र निजले पाल्न नचाहेमा वा आमा पोइल गएको अवस्थामा बाबुले पाल्नु पर्छ— — — २

यस नम्बरको १ र २ दफामा जुनसुकै कुरा लेखिएको भए तापनि आमा बाबु दुबैको मञ्जूरी भएमा त्यस्तो नाबालकलाई आमा बाबुमध्ये कुनैले वा आलो पालो गरी पाल्न पाउँछ— — — ३

आमा बाबुमध्ये जोसुकैले पाले पनि नाबालकको अहित हुने अवस्था वा त्यस्तो अहित हुने मनासिब आशंका नभएमा पाल्ने आमा बाबुले नपाल्ने आमा वा बाबुलाई बीचबीचमा नाबालक-संग भेटघाट गर्ने मौका दिनु पर्छ । त्यस्तो मौका पोइल जाने आमाले पनि पाउँछ— — — — — — — ४

आमाले पाल्दा बाबुले आफ्नो इज्जत आमद अनुसार नाबालक-लाई खान लाउन, शिक्षा र औषधि उपचार समेतको मनासिब खर्च दिनु पर्छ— — — — — — — — ५"

(५) ४ नम्बरपछि देहायको ४ क नम्बर थपिएको छ:–

"४ क नं. ॥ ॥ यसै महलको १ नम्बरको २ दफा बमोजिम सम्बन्ध विच्छेद भएकोमा खान लाउन पुग्ने आफ्नो सम्पत्ति आयस्ता नभएकी स्वास्नीमानिसले खान लाउन खर्च भराउन चाहेमा लोग्नेले त्यस्तो सम्बन्ध विच्छेद भएकी स्वास्नीलाई आफ्नो इज्जत आमद अनुसार अदालतले तोके बमोजिम एकसरो खान लाउन खर्च भर्नु पर्छ। त्यस्तो खर्च सम्बन्ध विच्छेद भएकी मितिले पाँच वर्षसम्म वा त्यस्तो स्वास्नीमानिसले अर्को विवाह नगरेसम्म जुन अगाडि हुन्छ सो समयसम्म मात्र भर्नु पर्छ।"

५. मूल ऐन अंशबण्डाको महलमा संशोधन : मूल ऐन अंशबण्डाको महलको,–

(१) ६ नम्बर खारेज गरिएको छ।

(२) १० नम्बरपछि देहायको १० क र १० ख नम्बर थपिएको छ :–

"१० क नं. ॥ ॥ यसै महलको १० नम्बरमा जुनसुकै कुरा लेखिएको भए

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तापनि विवाह भएको कम्तीमा पन्ध्र वर्ष र उमेर कम्तीमा पैंतीस वर्ष पुगी सकेकी स्वास्नीमानिसले चाहेमा लोग्नेसित अंश लिई भिन्न बस्न पाउँछ।

१० ख नं. ॥ ॥ ऐन बमोजिम बाबु आमा छोराहरूको अंशबण्डा गर्दा बाबु आमा कुनै छोरा वा छोरीसंग बस्न चाहेमा सो कुरा बण्डापत्रमा नै खुलाउनु पर्छ र त्यस्तो छोरा वा छोरीले बाबु आमालाई संग राखी, हेरचाह गर्नु पर्छ। वृद्ध बाबु आमाको आफ्नो आयस्ताले खान लाउन नपुगे वा हेरचाह गर्न संग बसेका छोरा वा छोरी वा छोराको छोरा कोही नभए भिन्न बसेका छोरा वा छोरीले पनि आफ्नो इज्जत आमद अनुसार खान लाउन दिई हेरचाह गरी राख्नु पर्छ।"

(३) १६ नम्बरमा रहेको "छोराले पाउने अंशको आधी" भन्ने शब्दहरू झिकिएको छ।

(४) ३५ नम्बरको अन्त्यमा देहायको वाक्यांश थपिएको छः–

"अबण्डा गोश्वाराको लिखत भएकोमा आ-आफ्नो अंश हक लाग्नेजति अबण्डा आ-आफ्नो खुश हुन्छ।"

६. मूल ऐन स्त्री अंश धनको महलमा संशोधन : मूल ऐन स्त्री अंश धनको महलको २ नम्बरको सट्टा देहायको २ नम्बर राखिएको छः–

"२ नं. ॥ ॥ भिन्न भएको कन्या, सधवा वा विधवा स्वास्नीमानिसले आफ्नो अंश हकको चलमा सबै र अचलमा आधासम्म कसैको मञ्जूर नभए पनि आफ्नो खुश गर्न पाउँछन्। कन्याले बाबु भए बाबुको र सधवा वा विधवाले उमेर पुगेका छोराहरू भए छोराहरूको मञ्जूरी लिई अचल पनि सबै आफ्नो खुश गर्न पाउँछन्।"

७. मूल ऐन धर्मपुत्रको महलमा संशोधन : मूल ऐन धर्मपुत्रको महलको,–

(१) ६ नम्बरपछि देहायको ६ क, ६ ख, ६ ग र ६ घ नम्बर थपिएको छः–

"६ क नं. ॥ ॥ छोरी हुने लोग्नेमानिस र लोग्ने जीवित हुने वा आफ्नो छोरी हुने स्वास्नीमानिसले बाहेक अरूले दश वर्ष मुनिकीलाई लिखत गरी धर्मपुत्री राख्न पाउँछ।

६ ख नं. ॥ ॥ धर्मपुत्री र धर्मपुत्री राख्नेको उमेर कम्तीमा पच्चीस वर्षको फरक हुनु पर्छ।

६ ग नं. ॥ ॥ धर्मपुत्रीको हक छोरी सरहको हुन्छ। धर्मपुत्रीले आफूलाई जन्माउने बाबुपट्टि कुनै हक दाबी गर्न पाउँदैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

822

९ ख नं. ॥ ॥ धर्मपुत्री राख्न पाउनेले धर्मपुत्री राखी सकेपछि छोरी जन्म्यो भने पनि अघि राखेको धर्मपुत्री बदर हुन सक्तैन । छोरी सरह नै हुन्छ ।"

(२) १२ नम्बरपछि देहायको १२ क नम्बर थपिएको छ:–

"१२ क नं. ॥ ॥ कुनै विदेशी नागरिकले ऐनले धर्मपुत्र वा धर्मपुत्री राख्न हुने नेपाली नागरिकलाई धर्मपुत्र वा धर्मपुत्री राख्न चाहेमा त्यस्तो विदेशी नागरिकको चरित्र र आर्थिक स्थिति हेरी सम्बन्धित विदेशी सरकार वा राजदूतावासको सिफारिश भएमा श्री ५ को सरकारले उपयुक्त सम्झका शर्तहरूमा धर्मपुत्र वा धर्मपुत्री लिन दिन स्वीकृति दिन सक्नेछ ।"

(३) १३ नम्बरमा रहेको "धर्मपुत्र" भन्ने शब्दपछि "वा धर्मपुत्री" भन्ने शब्दहरू थपिएको छ ।

८. मूल ऐन अपुतालीको महलमा संशोधन : मूल ऐन अपुतालीको महलको, --

(१) २ नम्बरको सट्टा देहायको २ नम्बर राखिएको छ :–

"२ नं ॥ ॥ अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी, छोरा वा छोराका छोरा भएसम्म छोरीले अपुताली पाउँदैन । त्यस्ता कोही नभए छोरीले अपुताली पाउँछ । छोरीहरूमध्ये कोही कन्या र कोही विवाह भएकी वा पोइल गएकी भए प्रत्येक कन्या छोरीले दुई खण्ड र प्रत्येक विवाह भएकी वा पोइल गएकी छोरीले एक खण्डको हिसाबले अपुताली पाउँछ । छोरी नभए संग बसेका हकवाला भए त्यस्ता हकवालाले र त्यस्ता हकबाला नभए अरू हकवालाले अपुताली पाउँछ ।"

(२) ३ नम्बरको सट्टा देहायको ३ नम्बर राखिएको छ :–

"३ नं. ॥ ॥ भिन्न भै बसेका लोग्ने, स्वास्नी, छोरा वा छोराका छोराले हेरचाह नगरी छोरी वा छोरी जुवाइँले स्याहार सम्भार गरी पालेको रहेछ भने त्यसरी पालेको बाबु आमा वा सासू ससुराको अपुताली पाल्ने छोरी वा छोरी जुवाइँले पाउँछन् । अरू हकवालाले पाउँदैनन् ।"

(३) ७ नम्बरको सट्टा देहायको ७ नम्बर राखिएको छ :–

"७ नं. ॥ ॥ भिन्न भै बसेका लोग्ने, स्वास्नी, छोरा वा छोराका छोराले हेरचाह नगरी एकै बाबुबाट जन्मेका दिदी बहिनीले स्याहार सम्भार गरी पालेको रहेछ भने त्यसरी पालेको दाजु भाइको अपुताली पाल्ने दिदी बहिनीले पाउँछ । अरू हकवालाले पाउँदैन ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. मूल ऐन जीउ मास्ने बेच्नेको महलमा संशोधन : मूल ऐन जीउ मास्ने बेच्नेको महलको १ नम्बरमा रहेको "तीन वर्षदेखि सात वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "दश वर्ष" भन्ने शब्दहरू र "सात वर्ष" भन्ने शब्दहरूको सट्टा "बीस वर्ष" भन्ने शब्दहरू राखिएको छ।

१०. मूल ऐन आसय करणीको महलमा संशोधन : मूल ऐन आसय करणीको महलको, –

(१) २,३ र ४ नम्बर खारेज गरिएको छ।

(२) ५ नम्बरको सट्टा देहायको ५ नम्बर राखिएको छ :–

"५ नं. ॥ ॥ आफू वा अरूसंग गैर कानूनी करणी गर्न स्वास्नीमानिसलाई फकाउने र वेश्यागमनको लागि सम्पर्क र व्यवस्था गरी दिनेलाई छ महीनादेखि दुई वर्षसम्म कैद वा पाँचसय रूपैयाँदेखि छ हजार रूपैयाँसम्म जरीवाना वा दुवै हुनेछ।"

११. मूल ऐन जबरजस्ती करणीको महलमा संशोधन : मूल ऐन जबरजस्ती करणीको महलको १ नम्बरमा रहेका "चौध वर्ष" भन्ने वाक्यांशको सट्टा "सोह्र वर्ष" भन्ने वाक्यांश राखिएको छ।

१२. मूल ऐन विहावरीको महलमा संशोधन : मूल ऐन विहावरीको महलको, –

(१) २ नम्बरको सट्टा देहायको २ नम्बर राखिएको छ :–

"२ नं. ॥ ॥ विहावरी गर्दा स्वास्नीमानिसको उमेर संरक्षकको मञ्जूरी भए सोह्र वर्ष र मञ्जूरी नभए अठार वर्ष र लोग्ने मानिसको उमेर संरक्षकको मञ्जूरी भए अठार वर्ष र नभए एकाईस वर्ष नपुगी वा स्वास्नीमानिस र लोग्नेमानिसको उमेर बीस वर्षभन्दा बढी फरक पर्ने गरी विहावरी गर्न गराउन हुँदैन। गरे गराएमा देहाय बमोजिम हुनेछ — — — —

दश वर्ष नपुगेकी स्वास्नीमानिसको विवाह गरे गराएको रहेछ भने विवाह गर्ने गराउने मुख्यमध्ये उमेर पुगेकालाई तीन महीनादेखि तीन वर्षसम्म कैद र पाँचसय रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म जरिबाना हुनेछ — — — — — — १

दश वर्षदेखि माथि चौध वर्ष नपुगेकी स्वास्नीमानिसको विवाह गरे गराएको रहेछ भने सो गर्ने गराउने मुख्यमध्ये उमेर पुगेकालाई एक वर्षसम्म कैद र दुई हजार रूपैयाँसम्म जरीबाना हुनेछ — — — — — — — — — — २

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

822

चौध वर्षदेखि माथि सोह्र वर्ष नपुगेकी स्वास्नीमानिसको विवाह गरे गराएको रहेछ भने सो गर्ने गराउने मुख्यमध्ये उमेर पुगेकालाई तीन महीनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरीवाना वा दुबै हुनेछ — — — — — — — — ३

संरक्षकको मञ्जूरी नलिई सोह्र वर्षदेखि माथि अठार वर्ष नपुगेकी स्वास्नीमानिसको र अठार वर्षदेखि माथि एकाईस वर्ष नपुगेको लोग्नेमानिसको विवाह गरे गराएको रहेछ भने सो गर्ने गराउने मुख्यमध्ये उमेर पुगेकालाई पाँचसय रूपैयाँसम्म जरीवाना हुनेछ — — — — — — — — — — ४

यसै नम्बरका माथिका दफाहरूमा लेखिएदेखि बाहेक यस नम्बरमा निषेध गरिएको अरू कुनै काम कुरा गर्ने गराउने मुख्यमध्ये उमेर पुगेकालाई तीन महीनासम्म कैद वा पाँचसय रूपैयाँसम्म जरीवाना वा दुबै हुनेछ — — — — — — — — ५

ऐनले विवाह गर्न पाउने हदभित्रको हो भनी ढाँटी विवाह गरे गरी दिएको भए नजानी विवाह गर्ने गराउनेलाई सजाय हुँदैन। ढाँट्नेलाई नै माथि लेखिए बमोजिम सजाय हुनेछ — — — — ६

यस नम्बर बमोजिम विवाह गर्न गराउन नहुने जानी जानी विवाहको काम गर्ने पुरोहित, लमी र अरू मद्दतीहरूमध्ये उमेर पुगेकालाई माथि १।२ दफा बमोजिम भए जनही एक महीनासम्म कैद र एक सय रूपैयाँसम्म जरीवाना, ३ दफा बमोजिम भए पन्ध्र दिनसम्म कैद वा तीनसय रूपैयाँसम्म जरीवाना र ४ दफा बमोजिम भए तीनसय रूपैयाँसम्म जरीवाना हुनेछ— — — — ७

यस नम्बरको माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि बिवाह भने भई नसकेको रीत दस्तूर पुऱ्याई छिनीसम्म सकेको रहेछ भने सो कुरा छिन्ने मुख्यलाई तीनसय रूपैयाँसम्म जरीवाना गरी छिनी सकेको कुरा बदर गरी दिनु पर्छ — — ८

माथि १।२।३।४ दफा बमोजिम भएको जरीवाना तिरे लिई सो त्यसै स्वास्नीमानिसलाई दिनु पर्छ। नतिरेमा सो जरीवाना हुने व्यक्तिको अंश मात्र जायजात गरी उपर भएकोबाट सो लागेको जरीवानाको अङ्क जति सो स्वास्नीमानिसलाई दिनु पर्छ। जायजातबाट सो जरीवाना उपर हुन नसके उपर नभएको जरीबानाको रूपैयाँ जतिमा तीन महीनासम्म कैद गर्नु पर्छ — — ९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लोग्नेमानिसको र स्वास्नीमानिस दुबैको सोह्र वर्ष उमेर नपुगी विवाह भएको रहेछ भने निजहरूले सो उमेर पुगेपछि मञ्जूर नगरे त्यस्तो विवाह बदर हुन्छ — — — — — — —१०"

(२) ७ नम्बरको सट्टा देहायको ७ नम्बर राखिएको छः–

"७ नं. ॥ ॥ लोग्नेमानिस र स्वास्नीमानिस दुबैको मञ्जूरीविना विवाह गर्न गरिदिन हुँदैन । विनामञ्जूरी जवर्जस्ती विवाह गरे गरी दिए बदर हुन्छ । त्यस्तो विवाह गर्ने गरी दिनेलाई दुई वर्षसम्म कैद हुनेछ ।"

(३) ८ नम्बरको सट्टा देहायको ८ नम्बर राखिएको छः–

"८ नं. ॥ ॥ सधवा वा विधवा स्वास्नीमानिसलाई कन्या हो भनी ढाँटी अरूसंग विवाह गरी दिएमा सो गरी दिने मुख्यलाई र जानी जानी त्यस्तो विवाह गर्ने सोह्र वर्ष उमेर पुगेकी स्वास्नीमानिसलाई एक वर्षसम्म कैद वा पाँच सय रूपैयाँसम्म जरीवाना वा दुबै सजाय हुनेछ । सधवा भए सो विवाह बदर हुन्छ । विधवा भए विवाह गर्ने लोग्नेले मञ्जूर नगरे बदर हुन्छ ।"

(४) ६ नम्बरको अन्त्यमा देहायको वाक्यांश थपिएको छः–

"अंशबण्डाको महलको १० वा १० क नम्बर बमोजिम स्वास्नीले अंश लिई भिन्न बसेमा — — — — — – १"

(५) १० नम्बरको सट्टा देहायको १० नम्बर राखिएको छः–

"१० नं. ॥ ॥ कसैले यो महलको ६ नम्बरमा लेखिएको कुराको विपरीत अर्को विवाह गरेमा वा स्वास्नी राखेमा निजलाई एक महीनादेखि दुई महीनासम्म कैद र एक हजार रूपैयाँदेखि दुई हजार रूपैयाँसम्म जरीवाना समेत हुनेछ । स्वास्नीमानिसले जानी जानी त्यस्तो विवाह गरेमा वा स्वास्नी भै बसेमा निजलाई पनि सोही बमोजिम सजाय हुनेछ ।"

(६) ११ नम्बरको सट्टा देहायको ११ नम्बर राखिएको छः–

"११ नं. ॥ ॥ यस महलको ६ र ७ नम्बरका कुरामा सो भए गरेको मितिले र अरूमा सो कुरा स्वास्नीमानिसले थाहा पाएको मितिले तीन महीनाभित्र नालिस नदिए लाग्न सक्तैन ।"

१३. मूल ऐन जारीको महलमा संशोधनः मूल ऐन जारीको महलको सट्टा देहायको महल राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"महल १८

जारीको

१ नं. ॥ ॥ अर्काकी स्वास्नी हो भन्ने कुरा जानी जानी वा सो थाहा पाउने मनासिब कारण भई कसैले त्यस्तो स्वास्नीमानिसलाई निजको मञ्जुरीले करणी गरेमा वा स्वास्नी बनाउन भगाई लगेमा जारी गरेको ठहर्छ ।

२ नं. ॥ ॥ जारी खतमा साधुको नालिस परे जार र जारी गरिएकी स्वास्नीमानिसलाई एक महीनादेखि दुई महीनासम्म कैद र एक हजार रूपैयाँदेखि दुई हजार रूपैयाँसम्म जरीवाना हुनेछ ।

३ नं. ॥ ॥ देहायको अवस्थामा साधुले सजाय गराउन पाउने छैन:–

साधु आफैले जारी गरी ल्याएकी स्वास्नीको अरूले जारी गरेकोमा —१

सौता भएकी स्वास्नीमानिसको जारी गरेकोमा — — २

लोग्ने स्वास्नीको महलको १ नम्बरको २ दफाले सम्बन्ध विच्छेद गर्न र बिहावारीको महलको २ नम्बरको १० दफाले र ४ र ७ नम्बरले विवाह बदर गराउन पाउने स्थितिको स्वास्नीमानिसको जारी भएमा — — — — — — — —३

४ नं. ॥ ॥ जारी खतमा जारलाई सजाय गर्न साधुले नालिस दिएकोमा सजाय भै नसक्दै वा नालिस दिन नपाउँदै साधुको मृत्यु भएमा जारलाई कुनै सजाय हुँदैन । थुनिएको भए छाडी दिनु पर्छ ।

५ नं. ॥ ॥ कसैले कसैको स्वास्नीको जारी गरी साधुको धनमाल समेत लगेकोमा वा स्वास्नीमानिस पोइल जाँदा स्वास्नीमानिसले आफले लगाएको वा प्रयोग गर्ने लत्ताकपडा वा आफ्नो दाइजो पेवा, आर्जन बाहेक साधुको अरू धनमाल समेत लगेमा लग्न नपाउने धनमालको हकमा साधुले र निज मरेमा वा विदेश गएकोमा निजको हकमा हकदारले देवानी मुद्दा सरह नालिस गरी फिर्ता लिन पाउँछ ।

६ नं. ॥ ॥ यस महलमा लेखिएको कुरामा सो कुरा प्रकाश भएको मितिले एक वर्षभित्र नालिस नदिए लाग्न सक्तैन ।"

लालमोहर सदर मिति:– २०३२।६।४।६

आज्ञाले–
बडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।